आज मिति २०७७ साल चैत्र महिनाको ४ गतेका दिन  यस बारेकोट गाउँपालिका, गाउँ कार्यपालिकाका अध्यक्ष श्री महेन्द्र बहादुर शाह ज्यूको अध्यक्षतामा तपसिल बमोजिमको उपस्थितिमा देहायका प्रस्तावहरु माथि छलफल गरी निम्ना अनुसारका निर्णयहरु गरियो ।

उपस्थिति :

| क.स. | पदाधिकारीको नाम | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री महेन्द्र बहादुर शाह | अध्यक्ष | |
| २. | श्री ओमा शाही | उपाध्यक्ष | |
| ३. | अजविर सिँह | सदस्य गाउँ कार्यपालिका | |
| ४. | लालभक्तसिँह | सदस्य गाउँ कार्यपालिका | |
| ५. | मनबहादुर शाही | सदस्य गाउँ कार्यपालिका | |
| ६. | सिर्जना बस्नेत | सदस्य गाउँ कार्यपालिका | |
| ७. | कर्णे कामी | सदस्य गाउँ कार्यपालिका | |
| ८. | बसन्त शाही | सदस्य गाउँ कार्यपालिका | |
| ९. | शशीराम गौतम | सदस्य गाउँ कार्यपालिका | |
| १०. | द्वारिका प्रसाद बुढा | सदस्य गाउँ कार्यपालिका | |
| ११. | तिले महतारा | सदस्य गाउँ कार्यपालिका | |
| १२. | धनविर कामी | सदस्य गाउँ कार्यपालिका | |
| १३. | ऐन बहादुर परियार | सदस्य गाउँ कार्यपालिका | |
| १४. | ममिता पुन(घर्ती) | सदस्य गाउँ कार्यपालिका | |
| १५. | शिला सार्की | सदस्यगाउँकार्यपालिका | |
| १६. | सुन्दरी सार्की | सदस्य गाउँ कार्यपालिका | |
| १७. | देउमा बुढा | सदस्य गाउँ कार्यपालिका | |
| १८. | गोबिन्द बहादुर सिंह | सदस्य सचिव गा. का. पा. | |

आमान्त्रीतहरु

१९. सुरेन्द्र बहादुर सिंह. MIS operator

२. [illegible] सिंह [illegible] आमन्त्रित

निर्णय नं. १
यस बारेकोट गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्तका आयोजनाहरु सञ्चालन तथा भुक्तानीका विषयमा श्रम रोजगार सामाजिक सुरक्षा मन्त्रालयको निर्देशन तथा कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा २१ उपदफा १ बमोजिम श्रमिकहरुको पारिश्रमिक बैंक खाता मार्फत भुक्तानी गर्नु पर्ने भनिए पनि वर्तमान अवस्थामा यस गाउँपालिकामा नेट सेवा तथा विविध कारणले बैंक खाता मार्फत भुक्तानी दिन समस्या भएका कारण चालु आर्थिक वर्षका प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारीका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका सबै आयोजनाहरुको भुक्तानी पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (सञ्चालन तथा व्यवस्थापन) कार्यविधि २०७६ को दफा १५ उपदफा २ बमोजिम बैंक खाता सञ्चालन गरि पारिश्रमिक बापतको रकम पनि समितिकै खाता मार्फत भुक्तानी गर्ने र आयोजना स्तरमा वडा अध्यक्ष वडा अध्यक्ष नभएमा वडा सदस्यको रहोवरमा ती सुचिकृत बेरोजगारहरुलाई वितरण गर्ने गरी **सम्बन्धित मन्त्रालय समक्ष सहमती माग्ने** निर्णय गरियो ।

निर्णय नं. २
यस गाउँपालिकामा प्रधानमन्त्री रोजगार कार्यक्रम र युवा रोजगारिका लागि रुपान्तरण पहल आयोजना अन्तर्गतका आयोजनाहरुमा काम गरि रोजगारी प्राप्त गर्ने श्रमिकहरु सुचिकृत भएका बेरोजगारहरुको लिस्टबाट गर्ने र प्रथमिकता सूचि अनुसार श्रमिकहरुलाई १०० दिनको काम पुग्ने गरि छनौट गर्ने निर्णय गरियो । साथै आयोजनाहरुको सँख्या धेरै र सूचिकृत बेरोजगारको सँख्या कम भएकाले एउटै रोजगार उपभोक्ता समितिले एक भन्दा बढी आयोजनाहरु सम्झौता गरि काम गर्न सकिने निर्णय गरियो ।

निर्णय नं. ३
भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीको स्थानीय तहबाट लगत संकलन सम्वन्धी कार्यविधि, २०७७ को दफा ३ को उपदफा १ र २ बमोजिम क्रमशः पालिका स्तरिय सहजीकरण समिति र वडा स्तरीय भूमि सम्वन्धी समस्या समाधान सहजीकरण समिति तपसिल बमोजिम गठन गर्ने निर्णय गरियो ।

**क.पालिका स्तरिय सहजीकरण समिति**

तपसिल
१. श्री महेन्द्र बहादुर शाह – संयोजक
२. श्री ओमा शाही – उपसंयोजक
३. श्री भीम बहादुर सिंह – सदस्य, नेपाली कांग्रेस
४.श्री हरी बहादुर थापा – सदस्य, नेकपा माओबादी केन्द्र
५.श्री भक्त बहादुर बस्नेत – सदस्य, नेकपा एमाले
६.श्री शीला सार्की– सदस्य
७. श्री देउमा बुढा – सदस्य
८. श्री सुदाम प्रसाद गौतम – सदस्य
९. श्री शिला सिंह – सदस्य
७. श्री गोविन्द बहादुर सिंह – सदस्य सचिव

**ख. वडा स्तरीय भूमि सम्बन्धी समस्या समाधान सहजीकरण समिति**
१. वडा अध्यक्ष– अध्यक्ष्
२.वडा सदस्यहरु – सदस्य
३. सम्वन्धित वडा अध्यक्षको सिफारिसमा स्थानीय तहका प्रमुख वा अध्यक्षले मनोनयन गरेका भूमि, आवास लगायत क्षेत्रमा काम गरिरहेका संघ संस्था वा नागरिक समाजका कम्तीमा एक महिला सहित दुई जना प्रतिनिधि – सदस्य
४. वडा सचिव – सदस्य सचिव

निर्णय नं. ४

यस गाउँपालिका भित्रका सामुदायिक विद्यालयहरुको शिक्षक दरबन्दी मिलान विवरण, २०७७ बमोजिम शिक्षकहरुको दरबन्दी मिलान कार्य सम्पन्न गर्ने । साथै यस गाउँपालिकामा स्थायी ठेगाना भई बाहिर कार्यरत शिक्षकलाई यसरुवा गरी ल्याउनका लागि प्राथमिकता दिने निर्णय गरियो ।

निर्णय नं. ५

शैक्षिक अनुदान अन्तर्गतको रकम शिर्षकबाट खर्च हुने गरी भगवती माध्यमिक आधारभूत विद्यालय जिरीमा कम्प्युटर शिक्षक नियुक्तीका लागि अनुमति प्रदान गर्ने तथा यस पालिका भित्रका आधारभूत विद्यालयहरुमा दक्ष कम्प्युटर सहयोगी राखे नराखेको शिक्ष अधिकृत श्री रामबहादुर मल्लको अनुगमन प्रतिवेदनका आधारमा पारिश्रमिक उपलब्ध गराउने निर्णय गरियो ।

निर्णय नं. ६

यस बारेकोट गाउँपालिकामा अन्तर्गत विभिन्न शाखा, उपशाखामा कार्यरत सम्पूर्ण करार कर्मचारीहरुको करार सम्झौता २०७७ माघदेखि लागू हुने गरी म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं. ७

उद्योग तथा उपभोक्ता हित संरक्षण कार्यालय मार्फत यसै आर्थिक वर्षमा संचालन हुने उद्यम विकास कार्यक्रम यस गाउँपालिकाको वडा नम्बर ३ मुलसाममा संचालन गर्नका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ८

आधारभूत स्वास्थ्य तथा सरसफाई शाखा अन्तर्गत आधारभूत स्वास्थ्य इकाई बारेकोट ३ पहाडा मुल्साममा रिक्त अनमी पद र १ नम्बर वडा कार्यालयमा रिक्त पशु प्राविधिक पदपुर्ति गर्नका लागि दरखास्त आह्वान गर्ने निर्णय गरियो । साथै स्वास्थ्य शाखा अन्तर्गत रिक्त रहेका विभिन्न पदहरुको आवश्यकताका आधारमा विज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं. ९

नेपाल सरकार तथा विश्व बैंक वीच सम्झौता भई गृह मन्त्रालय, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग मार्फत यस गाउँपालिकामा संचालित सामाजिक सुरक्षा तथा व्यक्तिगत घटना दर्ता प्रणाली सुदृढीकरण आयोजनाको लागि आगामी आर्थिक वर्षमा सेवा ईकाइको तलब मध्ये एक चौमाशिक बापत हुन आउने बजेट साझेदारी गर्न बारेकोट गाउँपालिका प्रतिबद्ध रहेको जानकारी विभागमा पठाउने निर्णय गरियो ।

निर्णय नं. १०

यस गाउँपालिका र गाउँपालिका अर्न्तगत विभिन्न शाखा, उपशाखा, वडा लगायतका स्थानीय सरकारका संघ संस्थालाई जग्गा दान गरेका दाताहरुलाई आवश्यक प्रमाणका आधारमा सम्मान तथा कदर पत्र प्रदान गर्ने निर्णय गरियो ।

निर्णय नं. ११

प्रादेशिक एवम स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम संचालन कार्यविधि २०७७ को ३(१२२) अनुसार यस अघि पठाइएको**जहरगाँउ- समाइला - हानेसल्ला- छेडा- लिम्सा सडकलाई** छनौट तथा पहचिान गरी पठाइएकोमा उक्त सडक नामो पर्ने भएकोले **पाँचकाटिया- फुलचाउली-कयलदा पाखा-सिर्पाचौर-रामीडाँडा-माथिआगरा हदै छेडा लिम्सा सडकलाई** संशोधन गरी **"प्रादेशिक एवम् स्थानीय सडक निर्माण तथा सुधार कार्यक्रम समन्वय इकाई ललितपुरमा"** पठाउने निर्णय गरियो ।

निर्णय नं. १२

यस गाउँपालिका अन्तर्गतको आधारभूत स्वास्थ्य तथा सरसफाई शाखाबाट सिफारिस भै आएको स्वास्थ्य तथा सरसफाई नीति, २०७७र अनुमगन मुल्यांकन तथा सुपरभिजन निर्देशिका, २०७७अनुमोदन गर्ने निर्णय गरियो ।

निर्णय नं. १३.

यस गाउँपालिकाको वडा नम्बर ३ रुम्सिल कठ्ठारामा संचालन भएको सामुदायिक स्वास्थ्य इकाईमा कामकाज गर्दै आउनु भएको अहेब यशोदा शाहीलाई मिति २०७७ फागुन १ गते देखि लागू हुने गरी करार सम्झौता गरी बारेकोट गा.पा. को २०७७/०७८ को वित्तिय समानीकरणबाट पारिश्रमिक दिने र अन्य सामुदायिक इकाई स्यागुतरा लैखम, सिपौचौर र बयाला सम्बन्धित वडाको सिफारिसमा सम्झौता गर्ने निर्णय गरियो ।

निर्णय नं. १४

तपशिल बमोजिमका योजनाहरुलाई संशोधन गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | संशोधित नाम | रकम | कैफियत |
|---|---|---|---|---|
| १. | खानेपानी मर्मत लुहागः १५०००० | राधा प्रा.वि. फिल्ड निर्माण | ५०,००० | वडा नम्बर ७ |
| | | सीता आ.व.मा फिल्ड निर्माण | १००,००० | |
| २. | सिम्तरा सडक : ८००००० | सिम्तरा सडक | ११०००० | प्रधानमन्त्री रोजगार वडा नम्बर ७ |
| ३. | सडकको नाली खन्ने: १०,००,००० | सडकको नाली खन्ने | ७००००० | |
| ४. | रखिमारी खानेपानी : ३००००० | कार्कीज्युला देखि वडा कार्यालय सडक मर्मत | ३००००० | प्रधानमन्त्री रोजगार वडा नम्बर ६ |
| ५. | छुतीपाल्ती खानेपानी: ४५०००० | किमुगैरा चुफारी भारगाउँ मष्टापेटारी पटाङ्ग्री रुइने पानी देखि ढाडे खोला धाराती बाट छिरी खोलासम्म | ४५०००० | प्रधानमन्त्री रोजगार वडा ८ |
| ६. | रुइने पानी मर्मतः १७५००० | रुइने पानी मर्मत | १००००० | प्रधानमन्त्री रोजगार वडा ८ |
| ७. | वण्डाला खानेपानी : १२५००० | वण्डाला खानेपानी | २००००० | |
| ८. | दिपेन्द्र मा.वि. शौचालय निर्माण ४७५००० | दिपेन्द्र मा.वि. फर्निचर निर्माण | ४७५००० | सक्ला |
| ९. | महादेव प्रा.वि. ४०६००० | महादेव फिल्ड निर्माण | २०६००० | रुम्सिल |
| | | भित्री खोला बाटो | २००००० | |

निर्णय नं. १५

प्राथमिक स्वास्थ्य केन्द्र लिम्सामा लामो समयदेखि मेडिकल अधिकृत पद रिक्त हुदा सेवाग्राहीलाईमर्का परेको हुदा उक्त पदमा प्रचलित कानूनको अधिनमा मेडिकल अधिकृतले पाउने सेवा सुविधाको साथै कर्णाली प्रदेश सरकारले निर्णय गरेको थप सहुलियत प्रोत्साहन भत्ता पाउने गरी मिति २०७७ फागुन ६ गते भित्र करार सम्झौताका लागि आवश्यक प्रक्रिया अगाडी बढाउने निर्णय गरियो ।

निर्णय नं. १६.

यस गाउँपालिकामा हाल निमित्त प्रमुख प्रशासकीय अधिकृतबाट कार्यालयको कामकाज संचालन भैरहेको हुदा यस गाउँपालिकामा रिक्त रा.प.अं. तृतिय श्रेणी प्रमख प्रशासकीय अधिकृत पदमा आवश्यक जनशक्ति खटाईदिन संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय सिंहदरबार काठमाडौंमा अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं. १७.

बहुक्षेत्रिय पोषणको प्रत्येक वडामा स्वीकृत कार्यक्रम भन्दा धेरै संख्या भएकोले प्राथामिकताका आधारमा ११२ जना हजारदिनका आमाहरुलाई कार्यक्रममा समावेश गराउने निर्णय गरियो ।

निर्णय नं. १८.

पोषण तथा खाद्य सुरक्षा निर्देशक समितिमा विषयगत शाखाका कृषि प्राबिधिक रबराज पुनको ठाउँमा कृषि विकास अधिकृत श्री ऐनबहादुर कार्कीलाई मनोनित गर्ने निर्णय गरियो ।

निर्णय नं. १९.

यस बारेकोट गाउँपालिकाको विधायन सभा मिति २०७७ चैत्र १२ गतेदेखि संचालन गर्ने निर्णय गरियो ।

निर्णय नं. २०.

मिति २०७५ वैशाख १६/१७ गतेको भारी असिना पानीले गहुँ बाली पूर्ण रुपमा क्षती भएको हुनाले किसानलाई राहत उपलब्ध गराउनका लागि गाउँ कार्यपालिकाको बैठकबाट गहुँको बिउ वितरणको लागि रकम उपलब्ध गराउने निर्णय भएको र कृषि विकास शाखा लिम्साको आ.व. २०७५/७६ को ७५ प्रतिशत अनुदानमा गहुँको विउ वितरण गर्ने कार्यक्रम रहेको हुँदा बारेकोट गाउँपालिकाले गहुँको बिउ खरिद र ढुवानीका लागि एक मुस्ट रकम रु. १४,००,००० र कृषि विकास शाखाको नियमित कार्यक्रमको रकम रु. ४,००,००० गरी जम्मा रु १८,००,००० मा २४० क्विन्टल गहुँको विउ विभिन्न ठाउँबाट खरिद गरी रुकुमको चिसापानीसम्म ट्रक र त्यहाँबाट बारेकोट लिम्सासम्म १३३ क्विन्टल खच्चड द्वारा ढुवानी गराई सो मध्ये १०८ क्विन्टल किसानलाई वितरण गर्ने कार्य सम्पन्न भएको र भौगोलिक बिकटता, स्थानीय चाडपर्व, ढुवानीको लागि खच्चड बाहेक अर्को बिकल्प नभएकोले खच्चडद्वारा ढुवानी गर्दा गर्दै सिजन सकिएको कारणले बाँकी रहेको २५ क्विन्टल कृषि शाखाको गोदाममा र १०७ क्विन्टल कालीमाटि चिसापानीको गोदाममा गरी जम्मा १३२ क्विन्टल गहुँको विउ भण्डारण गरिएको र अर्को वर्ष प्रयोगका लागि विउ विजन प्रयोगशालामा उमार शक्ति परिक्षण गर्दा उमार शक्ति ह्रास भएको र गहुँको बिउमा विष प्रयोग भएकोले खान समेत नमिल्ने हुँदा बारेकोट गाउँपालिका गाउँकार्यपालिकाको मिति २०७६/०५/३० गतेको निर्णय नं. ५ अनुसार वडा अध्यक्ष र वडा सदस्यहरुका साथै कृषि विकास शाखाका कृषि प्राविधिकहरुको रोहबरमा नष्ट गरिसकिएको छ । उक्त बिउ खरिद तथा ढुवानीको रकम हालसम्म पनि फछ्र्यौट नभएकोले यसै आर्थिक वर्षमा सो पेश्कीलाइ फछ्र्यौट गर्ने निर्णय गरियो ।

निर्णय नं. २१.

बारेकोट गाउँपालिकाको वडा नम्बर ४ ठकुरी टोलमा नन्द सिंह स्मृति सामुदायिक अध्ययन केन्द्र आवश्यक देखिएकोले आवश्यक प्रक्रिया पुऱ्याई स्थापना गर्नका लागि जिल्ला शिक्षा समन्वय इकाई मार्फत सम्बन्धित मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।